बैठक संख्या:- ३८

आज मिति २०८३/०१/२२ गते सोलुदुधकुण्ड नगरपालिकाका नगरप्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा तपसिलका नगरकार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नाम्गेल जाङ्बु शेर्पा | नगर प्रमुख | |
| २. | श्री गान्धी माया तामाङ | नगर उप- प्रमुख | |
| ३. | श्री सुरेन्द्र थापा | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री छोङबा शेर्पा | वडा अध्यक्ष, वडा नं. १ | |
| ५. | श्री ङवाङ ठिले शेर्पा | वडा अध्यक्ष, वडा नं. २ | |
| ६. | श्री ल्हाक्पा गेलु शेर्पा | वडा अध्यक्ष, वडा नं. ३ | |
| ७. | श्री युवास तामाङ | वडा अध्यक्ष, वडा नं. ४ | |
| ८. | श्री मिङमार तामाङ | वडा अध्यक्ष, वडा नं. ५ | |
| ९. | श्री फुर्वा ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडा नं. ६ | |
| १०. | श्री सोनाम ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडानं. ७ | |
| ११. | श्री पासाङ कटुवाल | वडा अध्यक्ष, वडा नं. ८ | |
| १२. | श्री धनराज तामाङ | वडा अध्यक्ष, वडा नं. ९ | |
| १३. | श्री होम बहादुर मगर | वडा अध्यक्ष, वडा नं. १० | |
| १४. | श्री टंक बहादुर कार्की | वडा अध्यक्ष, वडा नं. ११ | |
| १५. | श्री पेलु लामा | नगरकार्यपालिका सदस्य | |
| १६. | श्री अन्जु श्रेष्ठ | नगरकार्यपालिका सदस्य | |
| १७. | श्री मिना खत्री बस्नेत | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री शान्ती वि.क. | नगरकार्यपालिका सदस्य | |
| १९. | श्री कुलध्वज घर्तिमगर | नगरकार्यपालिका सदस्य | |
| २०. | श्री आङ काजी शेर्पा | नगरकार्यपालिका सदस्य | |
| २१. | श्री निर कुमार नेपाली | नगरकार्यपालिका सदस्य | |
| २२. | | | |
| २३. | | | |

| सि.नं. | सम्बन्धित शाखा | प्रस्ताव | निर्णयको बेहोरा |
|---|---|---|---|
| १ | प्रशासन शाखा | आइतवार सेवा सञ्चालन गर्ने सम्बन्धमा | नेपाल सरकारद्वारा मिति २०८२/१२/२३ गते नेपाल राजपत्रमा सूचना प्रकाशन गरी मिति २०८३/०१/२३ गतेदेखि शनिबार र आइतबार सार्वजनिक बिदा दिने तथा कार्यालय समय बिहान ०९:०० बजेदेखि साँझ ०५:०० बजेसम्म कायम गर्ने व्यवस्था गरिएको सन्दर्भमा, विकट भौगोलिक क्षेत्रका नागरिकहरूले लगातार दुई दिन सार्वजनिक बिदाका कारण छिटो, सहज तथा नियमित रूपमा सेवा प्राप्त गर्न कठिनाइ भएको, सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको सिकाइ उपलब्धिमा असर परेको तथा बिदाको समयमा बिरामीहरूले OPD लगायतका आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न समस्या भएको भन्ने जनगुनासो यस नगरपालिकामा प्राप्त भएको सम्बन्धमा उक्त समस्यालाई न्यूनीकरण गर्दै सेवा प्रवाहलाई प्रभावकारी, निरन्तर, सहज तथा नागरिकमैत्री बनाउन आवश्यक देखिएकाले मिति २०८३/०१/२७ गतेदेखि लागू हुने गरी नगर कार्यपालिका तथा नगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक तथा संस्थागत विद्यालयहरू आइतवारका दिन समेत नियमित रूपमा सञ्चालन गर्ने साथै, कार्यालय तथा विद्यालय सञ्चालन समय भने साबिक बमोजिम नै कायम रहने निर्णय गरियो । |
| २ | प्रशासन शाखा | नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) | नेपाल सरकारबाट संघ, प्रदेश र स्थानीय तहको संगठन संरचना तथा दरबन्दी सिर्जना र पुनरावलोकनको कार्य कार्यविधि, कार्यबोझ र औचित्यका आधारमा वस्तुपरक बनाउन र संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्यलाई व्यवस्थित गर्ने उद्देश्यका साथ काम गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ जारी गरी सबै स्थानीय तहलाई तीन महिनाभित्र संगठन तथा व्यवस्थापन सर्वेक्षण पुनरावलोकन गर्न निर्देशन भएकाले यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षणको पुनरावलोकन कार्य प्रक्रिया अगाडि बढाउने । |
| ४ | विपद व्यवस्थापन शाखा | वडा स्तरीय विपद व्यवस्थापन समिति गठन | सोलुदुधकुण्ड नगरपालिकाको क्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट सर्वसाधारणको जिउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित सबै निकायहरुको समन्वयात्मक र प्रभावकारी रुपमा परिचालनका लागि सबै वडा तहमा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति गठन गर्नुपर्ने भएकाले सोलुदुधकुण्ड नगरपालिकाको नगर विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०८१ को दफा ६ बमोजिम वडा स्तरीय विपद व्यवस्थापन समिति गठन गर्न सबै वडा कार्यालयमा पत्राचार गर्ने । |
| ५ | विपद व्यवस्थापन | आर्थिक सहायता | सोलुदुधकुण्ड नगरपालिका वडा नं. ८ स्थित केरुङका आगलागी पीडित श्री देण्डी शेर्पालाई विपद व्यवस्थापन कोषबाट रु २०,०००।०० आर्थिक सहायता उपलब्ध गराउने । |

| | | | |
|---|---|---|---|
| ६ | विपद व्यवस्थापन | स्थानीय विपद तयारी तथा प्रतिकार्य योजना स्वीकृत | यस नगरपालिकाको विपद व्यवस्थापन शाखाबाट चालु आ.व. २०८२/०८३ का लागि तयार गरिएको विपद तयारी तथा प्रतिकार्य योजना स्वीकृत गर्ने । |
| ७ | प्रशासन | कर्मचारीको असाधारण विदा स्वीकृत सम्बन्धमा | कोशी प्रदेशको स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन ऐन, २०८० को दफा १२१ मा भएको व्यवस्था बमोजिम यस नगरपालिकामा कार्यरत अधिकृत छैठौं तहका जनस्वास्थ्य निरीक्षक भूपेन्द्र राना मगर र सि. अ.न.मी. छैटौं तहकी पासाङ फुटी शेर्पाले २०८३/०१/२२ देखि लागू हुने गरी थप एक वर्षको असाधारण विदा स्वीकृत गर्ने । साथै सव इञ्जिनियर, पाँचौं तहका आङ देण्डी शेर्पाले आफ्नो पारिवारिक कारण दर्शाई एक वर्षको असाधारण विदा माग गर्नु भएको हुँदा ऐ ऐनको सोही दफा बमोजिम मिति २०८३/०२/०१ देखि लागू हुने गरी एक वर्षको असाधारण विदा स्वीकृत गर्ने । |
| ८ | आर्थिक प्रशासन शाखा | कार्यक्रम सञ्चालन खर्च | दुधकुण्ड ज्वालामाई क्लबद्वारा पर्यटन प्रवर्द्धनका लागि सञ्चालन हुने ज्वालामाई दुधकुण्ड एकल खुल्ला नृत्य प्रतियोगिताका लागि सोलुदुधकुण्ड नगरपालिका ६ नं. वडा कार्यालयकफ स्वीकृत विविध खर्च शीर्षकबा रु ५०,०००।०० र नगरपालिकाको पर्यटन प्रबर्द्धन कार्यक्रमबाट रु १,५०,०००।०० गरी कुल जम्मा रु २,००,०००।०० बजेट विनियोजन गर्ने । |
| ९ | योजना शाखा | स्रोत अनुमान तथा बजेट सिलिङ र मार्गदर्शन स्वीकृत | नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट आगामी आ.व. २०८३/०८४, २०८४/०८५ र २०८५/०८६ का लागि पेश भएको मध्यमकालीन खर्च संरचना तथा स्रोत अनुमान तथा बजेट सिलिङ र मार्गदर्शन स्वीकृत गर्ने । |
| १० | पशु सेवा | बजेट विनियोजन | नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक कुकुरहरूको व्यवस्थापन तथा नियन्त्रण गर्ने उद्देश्यले सञ्चालन गरिएको बन्ध्याकरण कार्यक्रम सम्पन्न गर्ने क्रममा स्वीकृत लागत अनुमान भन्दा थप खर्च हुन गएको हुँदा उक्त कार्यक्रम सञ्चालनबाट व्यहोर्न बाँकी रहेको रकम रु. २,६२,०००।०० (अक्षरेपी दुई लाख बयसट्ठी हजार रुपैयाँ मात्र) पशु सेवा शाखाअन्तर्गतको "औषधी खरिद" शीर्षकबाट भुक्तानी गर्ने |
| | प्रशासन शाखा | | १९ औं बज्र गुरु जप कार्यक्रमका लागि स्वागत गेट निर्माण गर्नका लागि श्री थेक्चेन पेमा छोलिङ गुम्बा सोलुदुधकुण्ड नगरपालिका वडा नं. ५ सल्लेरीले रु. १,५०,०००.०० र २०७० औं बुद्ध जयन्ती कार्यक्रम मनाउनका लागि रु रु १,५०,०००.०० गरी कुल रकम रु ३,००,०००.०० बजेट विनियोजन गरी पाउँ भनी यस नगरपालिकामा निवेदन पेश गरेको हुँदा धार्मिक चाडपर्व खर्चबाट रु ३००,०००.०० बजेट विनियोजन गर्ने । |

| | | | |
|---|---|---|---|
| ११. | योजना शाखा | बजेट विनियोजन सम्बन्धमा | नगर सभाको सोह्रौं अधिवेशनबाट सोलुदुधकुण्ड नगरपालिका वडा नं. ११ स्थित घुन्सा-मुसुरे-सिद्धथान सडक ट्र्याक ओपन तथा स्तरोन्नति कार्य यस नगरपालिकाको मेशिनरी तथा उपकरण प्रयोग गर्ने गरी स्वीकृत भएकोमा कार्यालयको एक्साभेटर, ब्याकहोलोडर लगायतका उपकरणहरु सडक पूर्वाधारको ट्र्याक ओपन तथा स्तरोन्नति गर्न वडा नं. २ मा प्रयोगमा रही रहेको र उक्त कार्य सम्पन्न हुन अझै समय लाग्ने भएकाले वडा नं. ११ स्थित घुन्सा-मुसुरे-सिद्धथान सडक स्तरोन्नति कार्य गर्न कण्टेन्जेन्सी शीर्षकबाट रु ८००,०००.०० बजेट विनियोजन गर्ने । |